# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

## गभर्नर डा. नेपालद्धारा उद्योग वाणिज्य संघ नवलपरासीको ३४ औ वार्षिक साधारण सभाको समुद्घाटन

गभर्नर डा. चिरंजीबि नेपालले उद्योग बाणिज्य संघ, नवलपरासीको ३४ औ वार्षिक साधारणसभा नवलपरासी जिल्लाको सदरमुकाम परासीमा समुद्घाटन गर्नु भयो । सो साधारणसभामा प्रमुख अतिथिको रुपमा मन्तव्य व्यक्त गर्दै उहाँले प्रशस्त सम्भावना भएर पनि नवलपरासी जिल्ला छिमेकी जिल्लाहरुभन्दा आर्थिक विकासमा पछाडि परेका कारणहरु खोतल्न उद्योग बाणिज्य संघ लाग्नुपर्ने सुझाव दिनु भयो ।



अहिलेको असहज अवस्थाले नेपालको परनिर्भरताको स्थितिलाई उजागर गरेको प्रसंग उल्लेख गर्दै गभर्नर डा. नेपालले रोजगारी सिर्जनाको लागि कलकारखानाहरु खोल्न जोड दिनु पर्ने कुरा व्यक्त गर्नु भयो । पुँजीगत खर्च हुन नसकेको, आयातमा आएको कमीले राजस्व संकलन प्रभावित भएको तर विप्रेषण आप्रवाहले विदेशी विनिमय संचिति राम्रो रहेको कुरा उल्लेख गर्दै लामो समयसम्म विप्रेषणमा निर्भर रहनु मुलुकको दीर्घकालीन हितका दृष्टिले राम्रो नभएको विचार व्यक्त गर्नुभयो । उहाँले यस वर्ष एकातर्फ भूकम्प र अर्कोतर्फ तराईको बन्द हडतालले नेपाली अर्थतन्त्रलाई नराम्ररी असर पारेको बताउनु भयो । अहिलेको असहज परिस्थितिले चालू आर्थिक वर्षमा मूल्य वृद्धिमा चाप पर्ने देखिएकोले नेपाल राष्ट्र बैंकले तरलता प्रशोचन गरिरहेको तर कालोबजारी जस्ता कारणबाट भएको मूल्यवृद्धि रोक्न सरकारी सक्रियताको आवश्यकता रहेको धारणा समेत उहाँले व्यक्त गर्नु भयो ।

अहिलेको असहज स्थितिमा पनि निजी क्षेत्र अगाडि बढ्न प्रयास गरिरहेको तर ऊर्जाको अभावले निरीह बन्नु पर्ने स्थिति रहेकोमा गभर्नर डा. नेपालले चिन्ता व्यक्त गर्नु भयो । उच्च आर्थिक वृद्धिदर भएका दुई ठूला अर्थतन्त्रको बीचमा रहेर पनि नेपालको आर्थिक वृद्धिदर न्यून हुनु दुःखद् स्थिति हो भन्ने धारणा राख्दै लगानी बढाउन बैकिङ प्रणालीमा तरलता रहेकोले उद्योग व्यवसायीहरुले ऋण लिन पहल गर्न उहाँले अनुरोध गर्नु भयो । भूकम्प र तराई आन्दोलनले प्रभावित उद्योग व्यवसायीहरुलाई राहत दिन सरकारले आर्थिक पुनरुद्धार कोष स्थापना गरेको जानकारी दिंदै पढेलेखेका मानिसहरुले जागिर खानुभन्दा उद्योग व्यवसाय गर्न उहाँले सुझाव दिनु भयो । वैदेशिक रोजगारीमा जाने प्रवृत्तिले देश विकासमा श्रमशक्तिको अभाव बढ्दै गएको र जनसाँख्यिक लाभ लिन नेपाल पछाडि परेकोमा दुःख व्यक्त गर्नुभयो । भूकम्पबाट पीडित व्यक्तिहरुको लागि २ प्रतिशतमा कर्जा उपलब्ध हुने व्यवस्था गरिएको बताउँदै उहाँले त्यसको लागि ऋण लिने प्रक्रिया भने पुरा गर्नुपर्ने बताउनु भयो ।

अन्तमा उद्योग व्यवसायीको समस्याको लागि आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने धारणा व्यक्त गर्दै उहाँले उद्योग वाणिज्य संघको साधारण सभाको सफलताको कामना गर्नु भयो ।

## सिद्धार्थ उद्योग वाणिज्य संघ, रुपन्देहीसंग अन्तरक्रिया

सोही अवसरमा सिद्धार्थ उद्योग वाणिज्य संघ, रुपन्देहीले गभर्नर डा. नेपाललाई भैरहवामा आयोजित संक्षिप्त कार्यक्रममा स्वागत तथा अन्तरक्रिया गरेको थियो । कार्यक्रममा सिद्धार्थ उद्योग वाणिज्य संघका पदाधिकारीहरुले भैरहवा




क्षेत्रका उद्योग व्यापारीहरुले भोगेका समस्याहरु अवगत गराउनु भएको थियो । गभर्नर डा. नेपालले युवाहरु उद्योग व्यवसायमा सहभागी भएकोमा खुशी व्यक्त गर्दै उद्योग व्यवसायीहरुले उठाएका गुनासाहरुको प्रतिउत्तर दिनु भएको थियो ।

२०७२ पुस २४, शुक्रबार

गभर्नरको कार्यालय